नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ९] काठमाडौं, माघ १८ गते २०१६ साल [संख्या ४१

श्री ५ को सरकार

गृहमन्त्रालयको सूचना

भारत सरकारको निमन्त्रणामा माननीय प्रधानमन्त्री केही दिनको लागि मिति ०१६।१०।३ मा भारततफ जानु हुंदा, नेपाल अधिराज्यको संविधानको धारा १४ को उपधारा (३) ले दिएको अधिकार प्रयोग गरी माननीय प्रधानमन्त्रीले, परराष्ट्र मन्त्रालय र रक्षा मन्त्रालयको कार्यभार सञ्चालन गर्न माननीय उपप्रधानमन्त्री श्रीसुवर्णशमशेर ज. ब. रा. लाई सुम्पिन भएको छ।

आज्ञाले–

प्रेमनरसिंह प्रधान,
श्री ५ को सरकारको सचिव,
गृहमन्त्रालय ।

037

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

गृहमन्त्रालयको सूचना

भारत सरकारको निमन्त्रणामा माननीय प्रधानमन्त्रीका साथ माननीय गृह तथा कानूनमन्त्री श्रीसुर्यप्रसाद उपाध्याय वेही दिनको लागि मिति ०१६।१०।३ मा भारततर्फ जानु भएकोले उहांको अनुपस्थितिमा नेपाल अधिराज्यको सम्विधानको धारा १४ को उपधारा (३) बे दिएको अधिकार प्रयोग गरी माननीय प्रधानमन्त्रीले गृह तथा कानूनमन्त्रालयको कार्यभार सञ्चालन गर्न माननीय निर्माण सञ्चार तथा नहरमन्त्री श्रीगणेशमान सिंहलाई तुम्पिनु भएको छ ।

आज्ञाले,
प्रेमनरसिंह प्रधान
श्री ५ को सरकारको सचिव,
गृहमन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार

६३५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।